यो आकाशवाणी हो।

November 2nd, 2025 Sunday

प्रमुख समाचार

- इसरोद्वारा देशको सबैभन्दा ठूलो सञ्चार उपग्रहको प्रक्षेपण
- वर्ष २०४७ सम्ममा विकसित भारतको लक्ष्य हासिल गर्न सामूहिक प्रयास र महिला र पुरुषबीच समान सहभागिताको लागि राष्ट्रपति द्रौपदी मुर्मुको आह्वान
- अखिल भारतीय आकाशवाणी संगीत सम्मेलन आजदेखि सुरु हुदै
- टी-२० शृङ्खलाको तेस्रो खेलमा भारतले अष्ट्रेलियालाई पाँच विकेटले पराजित गऱ्यो
- अनि आईसीसी महिला एकदिवसीय क्रिकेट विश्वकपको फाइनलमा भारत र दक्षिण अफ्रिकाबीच प्रतिस्पर्धा हुँदै

ISRO-CMS-03

इसरोले आज साँझ श्रीहरिकोटाबाट भारतको सबैभन्दा भारी सञ्चार उपग्रह, CMS-03 (GSAT-7R) प्रक्षेपण गऱ्यो। भारतीय प्रक्षेपण यानद्वारा भारी-लिफ्ट रकेटलाई साँझ ५:२६ बजे सतीश धवन अन्तरिक्ष केन्द्रबाट प्रक्षेपण गरिएको थियो। यस अभियानको उद्देश्य नौसेना सञ्चार सुधार गर्नु र दुर्गम क्षेत्रहरूमा डिजिटल कनेक्टिभिटी प्रवर्द्धन गर्नु हो। यो भारतको सबैभन्दा शक्तिशाली उपग्रहको पाँचौं सञ्चालन उडान हो।

2. Prez – Patanjali Convocation

राष्ट्रपति द्रौपदी मुर्मुले भारतलाई विकसित राष्ट्र बनाउने प्रतिबद्धतामा विशेष जोड दिनुभएको छ। उहाँले २०४७ सम्ममा भारतको विकास हासिल गर्न महिला र पुरुषको समान सहभागिता आवश्यक रहेको बताउनुभयो। आज उत्तराखण्डको हरिद्वारमा पतञ्जलि विश्वविद्यालयको दोस्रो दीक्षान्त

समारोहलाई सम्बोधन गर्दै राष्ट्रपतिले २०४७ सम्ममा देशको विकास गर्ने लक्ष्य हासिल गर्न सबैले मिलेर काम गर्नुपर्ने बताउनुभयो। महिला शिक्षाको महत्त्वलाई प्रकाश पार्दै श्रीमती मुर्मुले शिक्षित छोरीहरूले भारतको गौरव बढाउने बताउनुभयो।

राष्ट्रपति द्रौपदी मुर्मुले आज उत्तराखण्डको देहरादुनको राजपुर रोडमा रहेको पैदल पुलको उद्घाटन गर्नुभयो। राष्ट्रपति मुर्मुले साँझ राष्ट्रपति निकेतनमा अन्तर्राष्ट्रिय साहित्य, संस्कृति र कला महोत्सवका सहभागीहरूसँग अन्तरक्रिया गर्ने कार्यक्रम छ।

3. Bihar Election

बिहार विधानसभा चुनावको पहिलो चरणको चुनावी प्रचार तीव्र गतिमा भइरहेको छ। राष्ट्रिय लोकतान्त्रिक गठबन्धन र महागठबन्धनका स्टार प्रचारकहरूले राज्यभर सार्वजनिक सभाहरूलाई सम्बोधन गरिरहेका छन्। आज भोजपुर जिल्लाको आरामा एक सार्वजनिक सभालाई सम्बोधन गर्दै भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा प्रधानमन्त्री नरेन्द्र मोदीले एनडीएको चुनावी घोषणापत्र बिहारको विकासको लागि इमान्दार प्रयासहरूको प्रतीक भएको बताउनुभयो। कांग्रेस नेता राहुल गान्धीले बेगुसरायमा आयोजित एक सार्वजनिक सभामा बिहारका युवाहरूले रोजगारीको माग गरिरहेका बेला प्रधानमन्त्री सस्तो इन्टरनेट र डेटाको कुरा गरिरहेका छन् भन्नुभयो। मुंगेर जिल्लाको तारापुरमा एक सार्वजनिक सभालाई सम्बोधन गर्दै जनता दल युनाइटेडका राष्ट्रिय अध्यक्ष तथा मुख्यमन्त्री नीतीश कुमारले राष्ट्रिय जनता दलले कहिल्यै बिहारका जनताको विकास गर्न सक्दैन भन्नुभयो। यसैबीच, महागठबन्धनका मुख्यमन्त्री पदका उम्मेदवार तेजस्वी प्रसाद यादवले पनि आज सार्वजनिक सभाहरूलाई सम्बोधन गर्नुभयो।

4. CEC-Violence

मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले बिहार विधानसभा चुनावमा कुनै पनि हिंसा सहन नगरिने र मतदाताहरूले शान्तिपूर्ण र स्वतन्त्र रूपमा मतदान गर्न सक्ने बताउनुभएको छ। कानपुरमा पत्रकारहरूसँग कुरा गर्दै प्रमुख निर्वाचन आयुक्तले निर्वाचन आयोगले यस्ता परिस्थितिहरूलाई कडाइका साथ सामना गर्ने बताउनुभयो। उहाँले सबै मतदाताहरूले शान्तिपूर्ण, स्वतन्त्र र पारदर्शी रूपमा मतदान गर्न सक्ने आश्वासन दिनुभयो। उहाँले यसका लागि आयोग पूर्ण रूपमा तयार रहेको बताउनुभयो।

5. VP -  Library

उपराष्ट्रपति सी.पी. राधाकृष्णनले पुस्तकालयहरूलाई सिकाइको मन्दिरको रूपमा वर्णन गर्नुभएको छ।  उहाँले भन्नुभयो,  पुस्तकालयहरू आलोचनात्मक सोचलाई बढावा दिने र व्यक्ति र समुदायलाई सशक्त बनाउने ठाउँहरू हुन्। उपराष्ट्रपतिले आज एक अन्तर्राष्ट्रिय सम्मेलनलाई भर्चुअल रूपमा सम्बोधन गर्दै यस्तो आशयको बयान दिनुभएको हो। दुई दिने सम्मेलन तिरुवनन्तपुरममा पी.एन. पानीक्कर फाउन्डेसनले आयोजना गरेको थियो।

समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ....

6. Akashvani Sangeet Sammelan

आकाशवाणी संगीत सम्मेलनको ६७ औं संस्करण आज दिल्ली, मुम्बई र चेन्नईमा संगीतमय कार्यक्रमहरूसँगै सुरु हुँदैछ। आज साँझ दिल्लीस्थित आकाशवाणीको रंग भवनमा बाँसुरीवादक पंडित राकेश चौरसिया र मराठी गायक नन्देश उमपले प्रस्तुति दिनु हुनेछ। यस महिनाभरि देशभरका २४ शहरहरूमा शास्त्रीय संगीत प्रस्तुतिहरू हुनेछन्। हाम्रा संवाददाताका अनुसार प्रसार भारतीले संस्कृति मन्त्रालयसँगको सहकार्यमा यो सम्मेलन आयोजना गरिरहेको छ।

7. Canada – Condemn – Khalistan

क्यानडाले टोरन्टोमा भारतीय वाणिज्य दूतावास बाहिर भएको विरोध प्रदर्शनको निन्दा गरेको छ। अधिकारीहरूले यसलाई लोकतन्त्रको लागि खतरा भनेका छन् र जवाफदेहिताको लागि आह्वान गरेका छन्।

8. Louvre Museum

पेरिसको लुभ्र संग्रहालयबाट १०.२ मिलियन डलर बराबरको गहना चोरीको सम्बन्धमा एक महिला र एक पुरुषलाई अभियोग लगाइएको छ। यस घटनामा संलग्न कुल संदिग्धहरूको संख्या अब चार पुगेको छ।

9. Mexico Explosion

हिजो मेक्सिकोको सोनोरामा अवस्थित एक सुपरमार्केटमा भएको विस्फोटमा लगभग २३ जनाको मृत्यु भएको छ भने ११ जना घाइते भएका छन्। अधिकारीहरूले विस्फोट आकस्मिक भएको विश्वास गरेका छन्। पसलहरूमा गम्भीर क्षति पुगेको छ र नजिकैका व्यवसायहरू बन्द गरिएका छन्। अग्निनियन्त्रकहरूले आगो नियन्त्रणमा ल्याएको बताइएको छ।

10. Sports News

अब खेल प्रसंगः आज आइसीसी महिला क्रिकेट विश्वकपको फाइनलमा नवी मुम्बईको डी.वाई. पाटिल स्टेडियममा भारतले दक्षिण अफ्रिकाको सामना गरिरहेको छ। पुरुष क्रिकेटमा, भारत र अष्ट्रेलियाबीचको पाँच खेलको टी-२० शृङ्खलाको तेस्रो खेलमा भारतले अष्ट्रेलियालाई पाँच विकेटले पराजित गरेको छ। टेनिसमा, पूर्व विश्व नम्बर १ यानिक सिन्नर पेरिस मास्टर्स फाइनलमा पुगेका छन्। उनले पुरुष एकल सेमिफाइनलमा जर्मनीका अलेक्ज्याण्डर ज्वेरेभलाई पराजित गरेका थिए। भारतका अनुभवी टेनिस खेलाडी तथा दुई पटकका ग्रान्ड स्लाम च्याम्पियन रोहन बोपन्नाले २०

वर्षको करियरपछि हिजो टेनिसबाट सन्यास लिए। ४५ वर्षीय भारतीय स्टार दुई पटक युएस ओपनको फाइनलमा पुगेका थिए र दुई पटक एटीपी फाइनलमा उपविजेता बनेका थिए।

अन्त्यमा यस बुलेटिनका प्रमुख समाचार पुनः एक पटकः

१. इसरोद्वारा देशको सबैभन्दा ठूलो सञ्चार उपग्रहको प्रक्षेपण

२. वर्ष २०४७ सम्ममा विकसित भारतको लक्ष्य हासिल गर्न सामूहिक प्रयास र महिला र पुरुषबीच समान सहभागिताको लागि राष्ट्रपति द्रौपदी मुर्मुको आह्वान

३. अखिल भारतीय आकाशवाणी संगीत सम्मेलन आजदेखि सुरु हुँदै

४. टी-२० शृङ्खलाको तेस्रो खेलमा भारतले अष्ट्रेलियालाई पाँच विकेटले पराजित गऱ्यो

५. अनि आईसीसी महिला एकदिवसीय क्रिकेट विश्वकपको फाइनलमा भारत र दक्षिण अफ्रिकाबीच प्रतिस्पर्धा हुँदै